# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, फाल्गुन २८ गते, २०८२ साल (संख्या १६

## भाग ३

### गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

**पत्रकार लेखन वृत्ति (फेलोसिप) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२**

**प्रस्तावना:** गण्डकी प्रदेशमा क्रियाशील पत्रकार, सञ्चार माध्यम तथा अनुसन्धानकर्तालाई लक्षित गर्दै सुशासन अभिवृद्धिका लागि सूचना तथा सञ्चार क्षेत्रको विकास गरी प्रदेशभित्रका

खोजमूलक समाचार, अनुसन्धानमूलक र आलेखजन्य सामग्री, उत्पादन प्रकाशन तथा प्रसारण गर्न, गराउन तथा अनुसन्धानको दायरालाई फराकिलो बनाएर पत्रकारिताको गुणस्तर वृद्धि तथा स्तर उकास्न प्रोत्साहन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश आमसञ्चार ऐन, २०८० को दफा ६२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र विस्तारः</u> (१) यस कार्यविधिको नाम "पत्रकार लेखन वृत्ति (फेलोसिप) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "प्रकाशन सामग्री" भन्नाले पत्रपत्रिका एवम् अनलाइन सञ्चार माध्यममा प्रकाशन भएको समाचार तथा लेखजन्य सामग्रीलाई समेत सम्झनु पर्छ।

(ख) "प्रसारण सामग्री" भन्नाले एफ.एम., रेडियो तथा टेलिभिजन र अनलाइन सञ्चार माध्यमबाट प्रसारण भएको रिपोर्ट, कार्यक्रम वा यस्तै प्रकृतिका अन्य प्रसारण सामग्री सम्झनु पर्छ।

(ग) "लेखन तथा प्रसारणवृत्ति" भन्नाले तोकिएका विषयहरूमा प्रकाशन तथा प्रसारण सामग्री तयार गरी प्रसारण तथा प्रकाशन गरेवापत प्रदान गरिने नगद सहायता रकम सम्झनु पर्छ।

(घ) "सचिव" भन्नाले सञ्चार क्षेत्र हेर्ने मन्त्रालयको सचिव सम्झनु पर्छ।

**३. प्रस्तावना <u>सम्बन्धी व्यवस्थाः</u>** (१) प्रेस रजिष्ट्रारको कार्यालयले प्रदेश भित्रका गतिविधि उत्पादन, प्रकाशन तथा प्रसारण कार्यक्रमको लेखन तथा प्रसारण वृत्ति र छात्रवृत्तिका लागि १५ (पन्ध्र) दिनको समय दिई राष्ट्रिय दैनिक पत्रिकामा सूचना आह्वान गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्तावना आह्वान भएको मितिले १५ (पन्ध्र) दिन भित्र इच्छुक व्यक्ति वा संस्थाले अनुसूची- १ बमोजिमको ढाँचामा देहायका विवरणहरू खुलाई मन्त्रालयमा आवेदन दिनु पर्नेछ ।

(क) आफूले काम गरेको संस्था र सो संस्थामा आफ्नो जिम्मेवारी, पद/तह,

(ख) लेखन तथा प्रसारण वृत्ति प्राप्तिका लागि आफूले रोजेको विषय/क्षेत्र,

(ग) आफूले तयार गरेको लेखन तथा प्रसारण सामग्रीको औचित्य, प्रदान गर्न खोजेको सन्देश र विचार/चेतना,

(घ) आफूले खोज अनुसन्धान गर्न चाहेको विषय वा क्षेत्रले समेट्ने जिल्ला, स्थानीय तह र आफूले रोजेको ठाउँभन्दा बाहिरको सूचना प्राप्त गर्ने सम्पर्क व्यक्तिसहितको संक्षिप्त जानकारी,

(ङ) प्रेस रजिष्ट्रारको कार्यालयले तोकेका अन्य विषयहरू ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सञ्चार संस्थासँग आवद्ध नभएको गण्डकी प्रदेशमा एक वर्ष वा सो भन्दामाथि क्रियाशील स्वतन्त्र पत्रकारले पनि तोकिएको ढाँचामा आवश्यक विवरण खुलाई लेखन तथा प्रसारण वृत्तिका लागि प्रस्तावना पेश गर्न सक्नेछ।

(४) संस्थागत रूपमा प्रस्तावना पेश गर्दा एक मात्र व्यक्तिको नाम उल्लेख गरेको हुनु पर्नेछ।

४. **मूल्याङ्कन तथा सिफारिस समितिः** (१) दफा ३ बमोजिम प्राप्त प्रस्तावहरू मध्येबाट दफा ५ बमोजिमको आधारमा लेखन तथा प्रसारण वृत्ति गर्न देहायबमोजिमका सदस्य रहेको एक मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ ।

(क) प्रेस रजिष्ट्रार, प्रेस रजिष्ट्रारको कार्यालय -संयोजक

(ख) उपसचिव, प्रेस रजिष्ट्रारको कार्यालय - सदस्य

(ग) प्रतिनिधि, नेपाल पत्रकार महासंघ, प्रदेश समिति -सदस्य

(घ) अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ङ) सम्बन्धित शाखा प्रमुख, प्रेस रजिष्ट्रारको कार्यालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) सिफारिसका आधारमा समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(ख) समितिको बैठकमा आवश्यकता अनुसार विज्ञहरूलाई आमन्त्रण गर्न सकिनेछ।

(ग) प्राप्त प्रस्तावना परामर्शदाता सम्पादकसँगको समन्वयमा मूल्याङ्कन तथा छनौट गर्न प्रक्रिया अगाडि बढाई प्रेस रजिष्ट्रारको कार्यालयले सिफारिस गर्नेछ ।

(घ) समितिले प्रस्तावनाको प्रारम्भिक मूल्याङ्कन योग्यताक्रम सहित सिफारिस गर्नेछ ।

५. **<u>छनौटको आधार र मापदण्डः</u>** (१) दफा ४ बमोजिमको मूल्याङ्कन तथा सिफारिस समितिले प्राप्त आवेदनको छनौट र लेखन प्रसारणवृत्ति भुक्तानीको सिफारिस गर्दा देहायका आधार र मापदण्डमा गर्नु पर्नेछ ।

(क) विषयवस्तुको गम्भीरता, मौलिकता र प्रभाव,

(ख) राज्यको मूलप्रवाहमा आउन नसकेको प्रदेशका उपेक्षित, उत्पीडित समुदायसँग सम्बन्धित विषय,

(ग) लेखन तथा प्रसारण सामग्री प्रकाशन तथा प्रसारण पश्चात सम्बन्धित क्षेत्रमा पर्ने सकारात्मक प्रभाव,

(घ) अवलम्बन गरिने खोज तथा अनुसन्धान पद्धति,

(ङ) स्थलगत अध्ययन गरिने क्षेत्र,

(च) वस्तुगत मूल्याङ्कन अङ्क मापन,

(२) उपदफा (१) बमोजिमको आधारमा लेखन तथा प्रसारण वृत्ति पाएका व्यक्ति/संस्थाले देहायका मापदण्ड अनुसार आफनो सामग्री तयार गर्नु पर्नेछ ।

(क) रेडियो, पत्रपत्रिका, अनाईन तथा टेलिभिजनका लागि म्यागेजिन शैलीको रिपोर्ट तथा कार्यक्रम,

(ख) परामर्शदाता सम्पादकलाई पठाइएको रेडियो तथा टेलिभिजनको प्रसारण सामग्रीमा प्रयोग हुने बाइट ट्रान्सकाइब गरी लेखिएको हुनुपर्नेछ,

(ग) पत्रपत्रिका र अनलाइन सञ्चार माध्यममा प्रकाशन हुने लेखन सामग्रीको लम्बाई कम्तीमा दुई हजार शब्दको हुनु पर्नेछ।

६. **<u>प्रस्तावनाको छनोटः</u>** (१) दफा ३ बमोजिमको प्रस्तावनामा दफा ४ बमोजिमको समितिले दफा ५ बमोजिमको आधारमा दफा १० बमोजिमका विषय समेटिने गरी प्रस्तावकको छनौट गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्तावक छनौट गर्दा समितिले समावेशिताको सिद्धान्तलाई प्राथमिकता दिनुपर्नेछ ।

७. **स्क्रिप्ट पेश गर्नुपर्ने:** (१) लेखन तथा प्रसारण वृत्ति प्राप्त गरेका व्यक्ति वा संस्थाको अन्तिम नामावली प्रकाशन गरेको पैंतालिस दिनभित्र प्रकाशन वा प्रसारण गराउन चाहेको विषयवस्तुको कम्युटर टाइप गरिएको स्क्रिप्टको मस्यौदा नेपाली भाषामा प्रेस रजिष्ट्रारको कार्यालय वा परामर्शदाता सम्पादक समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको स्क्रिप्ट प्रेस रजिष्ट्रार र परामर्शदाता सम्पादकलाई चित्त नबुझेमा आवश्यक संशोधन तथा सम्पादन गर्न/गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्य नभएमा छनौट भएको उम्मेदवारको प्रस्तावना बदर गरेको मानी प्रेस रजिष्ट्रारको कार्यालयले सात दिनको राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी वैकल्पिक प्रस्तावकलाई आह्वान गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम सूचना प्रकाशन भएको सात दिनभित्र वैकल्पिक उम्मेदवारलाई स्क्रिप्ट पेश गर्न सूचित गरिनेछ ।

८. **परामर्शदाता सम्पादकको नियुक्ति:** (१) लेखन तथा प्रसारण वृत्तिलाई प्रभावकारी, व्यावसायिक, औचित्यपूर्ण र प्रादेशिक विषय केन्द्रित बनाउन सहयोग पुग्ने गरी प्रचलित कानून बमोजिम प्रेष रजिष्ट्रारको कार्यालयले परामर्शदाता सम्पादक नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम परामर्शदाता सम्पादक नियुक्त हुने व्यक्तिको देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

(क) नेपाली नागरिक,

(ख) तीस वर्ष पूरा भई पचपन्न वर्ष ननाघेको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

(घ) नेपाली भाषामा दखखल भएको,

(ङ) रेडियो/पत्रिका/टेलिभिजन वा अनलाइन कुनै एउटा सञ्चार माध्यममा कम्तीमा दश वर्ष पत्रकारिताको अनुभव भएको,

(च) रेडियो/पत्रिका/टेलिभिजन वा अनलाइन कुनै एउटा वा तीन वटै सञ्चार माध्यममा सम्पादक वा सो सरहको जिम्मेवारीमा रही काम गरेको,

(३) परामर्शदाता सम्पादकको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछः-

(क) प्राप्त प्रस्तावको प्रारम्भिक छनौट गरी अन्तिम निर्णयका लागि प्रेस रजिष्ट्रार कार्यालयमा पठाउने,

(ख) लेखन तथा प्रसारण वृत्तिका लागि छनौट भएका व्यक्ति वा संस्थालाई सूचना संकलन तथा लेखनसम्बन्धी कार्यमा सल्लाह, सुझाव र निर्देशन दिने,

(ग) लेखन तथा प्रसारण वृत्ति प्राप्त गरेका व्यक्ति वा संस्थाले तयार पारेका प्रारम्भिक लेखन मस्यौदा माथि टिप्पणी, सुझाव र पृष्ठपोषण प्रदान गर्ने,

(घ) वृत्ति प्राप्त गरेका व्यक्ति वा संस्थाबाट प्राप्त भएका सामग्रीको अन्तिम सम्पादन गरी प्रकाशन तथा प्रसारणको लागि सम्बन्धित व्यक्ति वा संस्था र प्रेस रजिष्ट्रार कार्यालयमा पठाउने,

(ङ) लेखन तथा प्रसारण वृत्तिका सम्बन्धमा दफा ४ को उपदफा (१) बमोजिमको समितिले निर्देशन गरेका सम्पादनसम्बन्धी अन्य कार्यहरू गर्ने ।

(४) उपदफा (१) बमोजिमको परामर्शदाता सम्पादकलाई एक लेखन तथा प्रसारण सामाग्री संयोजन तथा सम्पादन गरे बापत ४,०००।– (चार हजार मात्र) रुपैंयाका दरले प्रदान गरिनेछ।

(५) उपदफा (४) बमोजिमको भुक्तानी पाउन परामर्शदाता सम्पादकले निवेदनका साथमा आफूले गरेको संयोजन तथा सम्पादन कार्यको प्रतिवेदन प्रेस रजिष्ट्रारको कार्यालयमा पेश गर्नु पर्नेछ।

९. **<u>वृत्ति रकम प्रदान गरिने</u>**: (१) परामर्शदाता सम्पादकले सम्पादन गरी सिफारिस गरेबमोजिमको रकम दफा ४ को उपदफा (१) बमोजिमको समितिले स्वीकृत गरेपश्चात् लेखन तथा प्रसारण वृत्ति प्राप्त गरेका पत्रकारलाई बढीमा पच्चीस हजार रूपैयाँसम्म प्रेस रजिष्ट्रारको कार्यालयले भुक्तानी गर्नेछ।

(२) उपदफा (१) बमोजिमको रकमलाई सत् प्रतिशत मानेर अनुसूची-२ बमोजिमको ढाँचामा लेखन तथा प्रसारण वृत्ति प्राप्त गर्ने व्यक्ति वा संस्थाले लेखन तथा प्रसारण सामग्रीको मूल्याङ्कन गरी परामर्शदाता सम्पादकले सिफारिस गर्नेछ।

(३) उपदफा (२) बमोजिम परामर्शदाता सम्पादकले सिफारिस गरेको मूल्याङ्कन अंक र रकममा मन्त्रालयको बजेटको सीमा भित्र रही दफा ४ बमोजिमको समितिले सदर गर्न वा थपघट गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम लेखन तथा प्रसारण वृत्ति बापतको रकम माग सहितको निवेदनका साथ सम्बन्धित पत्रकारले प्रकाशन तथा प्रसारण भएको सामग्रीको डिजिटलप्रति अनिवार्य रूपमा प्रेस रजिष्ट्रारको कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

१०. **<u>सामग्री निर्माणका विषयहरू:</u>** (१) लेखन तथा प्रसारण वृत्ति प्राप्त गर्ने प्रयोजनका लागि देहायका विषयहरूमा सामग्री तयार गर्न सकिनेछ ।

(क) सङ्घीय संरचना र सोको प्रभाव,
(ख) जलवायु परिवर्तनले पारेको प्रभाव र असर,
(ग) भौतिक पूर्वाधार,
(घ) शान्ति सुरक्षा,
(ङ) साइबर सुरक्षा,
(च) कानुन निर्माण,

(छ) समाज र संस्कृति,

(ज) ज्येष्ठ नागरिक,

(झ) विपद् व्यवस्थापन,

(ञ) वन तथा वातावरण,

(ट) दिगो विकास,

(ठ) लैङ्गिक हिँसा तथा सामाजिक समावेशीकरण,

(ड) महिला तथा बालबालिका,

(ढ) परम्परागत ज्ञानले समाजलाई प्रदान गरेको आधुनिक शिक्षा,

(ण) शिक्षा,

(त) स्वास्थ्य,

(थ) पर्यटन,

(द) युवा स्वरोजगार

(ध) वैदेशिक रोजगार,

(न) उद्यमशीलता,

(प) सूचना प्रविधिको प्रयोग/दुरुपयोग,

(फ) वैज्ञानिक कृषि प्रणाली,

(ब) कुनै पनि क्षेत्रमा भएका नवप्रवर्तनका विषयहरू,

(भ) अल्पसंख्यक, सीमान्तकृत तथा अति-सीमान्तकृतको जीवनशैली,

(म) जलस्रोत,

(य) पत्रकारिता/आम सञ्चार,

(र) प्रदेशको आर्थिक विकास, राजस्व वृद्धि/विकास, बेरुजु व्यवस्थापन,

(ल) नागरिक शिक्षा इतिहास र संस्कृति रैथाने प्रविधि।

११. **<u>वृत्ति रकमका लागि बजेट व्यवस्थाः</u>** लेखन तथा प्रसारण वृत्ति र रकमका लागि आवश्यक पर्ने बजेट प्रेस रजिष्ट्रार कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम (पत्रकार लेखन वृत्ति फेलोसिप) मा विनियोजित बजेटबाट व्यवस्थापन गरिनेछ।

१२. **<u>बाधा अड्काउ फुकाउने</u>:** कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आएमा प्रेस रजिष्ट्रार कार्यालयले फुकाउन सक्नेछ।

१३. **<u>प्रचलित कानुन बमोजिम हुने</u>:** यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

अनुसूची-१

(नियम ३ सँग सम्बन्धित)

<u>लेखन तथा प्रसारणवृत्ति कार्यक्रमका लागि आवेदन फाराम</u>

१.वैयक्तिक विवरणः

| | |
|---|---|
| नाम/थरः | लिङ्गः |
| स्थायी ठेगानाः | इमेलः |
| मोबाइल नं.: | कार्यरत संस्थाः |
| पदः | स्वतन्त्र पत्रकारः |
| सामाग्री प्रकाशन तथा प्रसारण गर्ने सञ्चार संस्थाः | |
| अध्यापन/अध्ययन/अनुसन्धान गरिरहेको विषयः | |

२. लेखन तथा प्रसारण वृत्ति प्राप्तिका लागि खोज्ने समाचार/लेखजन्य सामग्रीको विषयवस्तुः

३. सामग्रीको विषयवस्तु चयन गर्नको लागि औचित्य (बुँदामा):

४. सामग्री तयार पार्न प्रयोग गरिने अध्ययन पद्धतिः

५. अन्तर्वार्ता गरिने सम्भावित व्यक्ति/समुदाय/संस्थाको सूचीः

६. सामग्री प्रकाशन वा प्रसारणपछि सम्बन्धित क्षेत्रमा पर्ने प्रभावः

| |
|---|
| |

माथि लेखिएको बेहोरा ठिक साँचो हो झुट्टा ठहरे कानुन बमोजिम सहुला बुझाउँला ।

..........................

आवेदकको हस्ताक्षर

## अनुसूची-२

दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

| क्र स | नाम | सम्पादित शव्द (१०) | भाषा शैली (१०) | सन्दर्भ समाग्री को उपयोग (१०) | स्थलगत अध्ययन अनुसन्धान (२०) | तथ्यांक को उपयोग (१०) | प्रादेशिक विषय समेटिए को (२०) | समग्र सामाग्री को तौल (२०) | प्राप्त नम्बर | प्राप्त प्रतिशत | सिफारिस रकम | समितिले गरेको निर्णय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**पत्रकार लेखन वृत्ति (फेलोसिप) कार्यक्रम**

विषय प्रस्तावको संक्षिप्त रूपरेखा (तालिकात्मक ढाँचा)

प्रेस रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेश

| | |
|---|---|
| १. प्रस्तावित विषय | लेखन सामग्री तयार गर्न चाहेको मुख्य विषय |
| २. अध्ययनका प्रमुख पक्षहरू | - बुझ्नुपर्ने मुख्य बुँदाहरू<br>- उपलब्ध तथ्य/प्रमाण<br>- सामाजिक महत्व/प्रभाव क्षेत्र<br>- गम्भीरता र औचित्य<br>- समेटिने क्षेत्र/पक्षहरू |
| ३. प्रमाणिकता र स्रोत | - लिखित दस्तावेज/प्रमाणहरू<br>- अवलोकन गर्ने दृश्य/अवस्था<br>- अन्तर्वार्ता गर्ने व्यक्तिहरू<br>- वेबसाइट/अनलाइन स्रोत |
| ४. कार्ययोजना | - स्टोरी तयार गर्न लाग्ने अनुमानित समय<br>- भ्रमण गर्ने स्थान, समय, कार्यतालिका<br>- प्रयोग हुने उपकरण तथा आवश्यक सहयोग |
| ५. अपेक्षित परिणाम | - सामग्रीले पार्ने सम्भावित प्रभाव<br>- समाज वा सम्बन्धित क्षेत्रमा हुने योगदान |
| प्रस्तावकको विवरण | नामः<br>कार्यरत संस्थाः<br>इमेलः<br>सम्पर्क नं.: |

आज्ञाले,
ऋषिराज आचार्य
प्रदेश सरकारको सचिव ।

मुद्रणः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.२५।-